# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन १८ गते २०३८ साल

श्री ५ को सरकार
गृह मन्त्रालयको
सूचना

२०३९ साल वैशाख १ गतेदेखि ऐ चैत्र मसान्ततक वर्ष १ मा मन्त्रालय, अदालत, विभाग एवं कार्यालयहरूलाई देहायबमोजिम सार्वजनिक र पर्वबिदाहरू दिने श्री ५ को सरकारले निर्णय गरेको छ।

१. हरेक शनिबार दिन बाउन्न– ५२

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वैशाख | ४, | ११, | १८, | २५ | | गते दिन चार–४ |
| ज्येष्ठ | १, | ८, | १५, | २२, | २९ | गते दिन पाँच–५ |
| आषाढ | ५, | १२, | १९, | २६ | | गते दिन चार–४ |
| श्रावण | २, | ९, | १६, | २३, | ३० | गते दिन पाँच–५ |
| भाद्र | ५, | १२, | १९, | २६ | | गते दिन चार–४ |
| आश्विन | २, | ९, | १६, | २३, | ३० | गते दिन पाँच–५ |
| कार्तिक | ६, | १३, | २०, | २७ | | गते दिन चार–४ |
| मार्ग | ५, | १२, | १९, | २६ | | गते दिन चार–४ |
| पौष | ३, | १०, | १७, | २४ | | गते दिन चार–४ |
| माघ | १, | ८, | १५, | २२, | २९ | गते दिन पाँच–५ |
| फाल्गुन | ७, | १४, | २१, | २८ | | गते दिन चार–४ |
| चैत्र | ५, | १२, | १९, | २६ | | गते दिन चार–४ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. पर्वबिदाहरू:–

| | |
|---|---|
| (क) नव वर्ष:– वैशाख १ गते बुधबार दिन एक– | १ |
| (ख) ऋषितर्पणी (रक्षा बन्धन):– श्रावण २० गते बुधबार दिन एक– | १ |
| (ग) सूर्यग्रहण:– मार्ग ३० गते बुधबार दिन एक– | १ |
| (घ) वसन्त पञ्चमी:– माघ ५ गते बुधबार दिन एक– | १ |
| (ङ) महा-शिवरात्रि:– माघ २८ गते शुक्रबार दिन एक– | १ |
| (च) फागु पूर्णिमा:– चैत्र १४ गते सोमबार दिन एक– | १ |

३. महिला कर्मचारीको लागि मात्र:–

| | |
|---|---|
| (क) हरितालिका (तीज):– भाद्र ५ गते शनिबार बिदा भनिरहन नपर्ने । | |
| (ख) ऋषिपंचमी:– भाद्र ७ गते सोमबार दिन एक– | १ |
| (ग) नारी दिवस:– ८ मार्च १९८३ तदनुसार फाल्गुन २४ गते मङ्गलबार दिन आधा– | $\frac{1}{2}$ |

४. जात्राबिदा (उपत्यकालाई मात्र):–

| | |
|---|---|
| (क) गाइजात्रा:– श्रावण २१ गते बिहीबार दिन एक– | १ |
| (ख) इन्द्रजात्रा:– भाद्र १७ गते बिहीबार दिन एक– | १ |
| (ग) घोडेजात्रा:– चैत्र २९ गते मङ्गलबार दिन एक– | १ |
| (घ) मच्छिन्द्रनाथको भोटो देखाउने दिन एक– | १ |

५. दशैंबिदा:–

| | |
|---|---|
| (क) घटस्थापना:– आश्विन ३१ गते आइतबार दिन एक– | १ |
| (ख) त्यसपछि:– कार्तिक ७ गते आइतबार फूलपातीदेखि ऐ १४ गते आइतबार कोजाग्रत पूर्णिमासम्म दिन आठ– | ८ |

६. तिहार बिदा:–

| | |
|---|---|
| (क) लक्ष्मीपूजा:– कार्तिक २९ गते सोमबार दिन एक– | १ |
| (ख) गोवर्धनपूजा (म्ह पूजा):– मार्ग १ गते मङ्गलबार दिन एक– | १ |
| (ग) भात् (किजा) पूजा:– मार्ग २ गते बुधबार दिन एक– | १ |

७. दिवस बिदा:–

| | |
|---|---|
| (क) संयुक्त राष्ट्रसंघ दिवस:– २४ अक्टूबर १९८२ तदनुसार कार्तिक ७ गते आइतबार फूलपाती परेकोले आधा बिदा भनिरहन नपर्ने । | |
| (ख) नेपाल शहीद दिवस:– माघ १६ गते आइतबार दिन आधा | $\frac{1}{2}$ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. श्री ५ महाराजाधिराज सरकारको स्वदेश वा विदेश भ्रमणमा सवारी होइबक्सँदा र राजधानी फिर्ती होइबक्सँदा देहाय अनुसार बिदा हुनेः–

(क) राजकीय भ्रमण गरिबक्सँदा अधिराज्यभर बिदा ।

(ख) औपचारिक भ्रमण गरिबक्सँदा (उपत्यकाभित्रका) कार्यालयहरूलाई मात्र आधा दिन बिदा ।

९. शुभ-जन्मोत्सव बिदाः–

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव अधिराज्यभर पौष १४ गते बुधबार र अधिराज्यबाहिर (१९८२ डिसेम्बर २८ तारीख) मङ्गलबार दिन एक– १

(ख) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सव अधिराज्यभर कार्तिक २२ गते सोमबार र अधिराज्यबाहिर (१९८२ नोभेम्बर ७ तारीख) आइतबार दिन एक– १

१०. शुभ-जयन्ती बिदाः–

(क) बुद्धजयन्ती– वैशाख २५ गते शनिबार बिदा भनिरहनु नपर्ने ।

(ख) कृष्णजयन्तीः– श्रावण २८ गते बिहीबार दिन एक– १

(ग) श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको शुभ-जयन्ती पौष २७ गते मङ्गलबार दिन एक– १

(घ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसः– फागुन ७ गते शनिबार बिदा भनिरहन नपर्ने ।

(ङ) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसः– पौष १ गते बिहीबार दिन एक– १

११. हाजिर हुने र छुट्ने समयः–

मन्त्रालय तथा कार्यालयहरूको हकमा मार्ग, पौष र माघ ३ महीना बिहान १० बजे हाजिर भै बेलुका ४ बजे छुट्ने बाँकी ९ महीना १० बजे हाजिर भै बेलुका ५ बजे छुट्ने ।

१२. निम्नलिखित उत्सव समारोहमा उपस्थितको निमित्त तोकिएको दिन, ठाउँ र समयमा सूचना भएबमोजिम गर्नेः–

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने ।

(ख) श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट टीका थाप्ने ।

(ग) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने ।

(घ) श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको शुभ-जयन्तीमा उपस्थित हुने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसमा उपस्थित हुने ।

(च) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसमा उपस्थित हुने ।

(छ) श्री ५ महाराजाधिराज सरकारबाट वसन्त श्रवण गरिबक्सने दिन उपस्थित हुने ।

(ज) बडादशैं फूलपातीको दिन उपस्थित हुने ।

(झ) महा-शिवरात्रीको बढाइँमा उपस्थित हुने ।

(ञ) घोडेजात्राको तमाशामा उपस्थित हुने ।

१३. माथि लेखिएबमोजिम बिदा पाउनेमा रोजनामा काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तैः– अस्पताल, रोपवे, तार, टेलिफोन, प्रहरी थाना, चौकी, फायर बृगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकारको छापाखाना, आकाशवाणी र हुलाकसमेतको कामकाज रोक्न नहुने कार्यालयहरूको निमित्त सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानूनबमोजिम रोत पुऱ्याई मात्र बस्न पाइनेछ ।

टिप्पणी :

आधा दिन भन्नाले मार्ग, पौष र माघ (तीन) महीनाको निमित्त दिनको १ बजे र बाँकी ९ (नौ) महीनाको लागि दिनको १½ बजे भन्ने सम्झनुपर्छ ।

आज्ञाले–

विष्णुप्रताप शाह

श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय बाँकेका प्र. जि. अ. श्री जगन्नाथभक्त श्रेष्ठ बिरामी बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा नि. से. नि. २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री विष्णुप्रसाद अर्यालिलाई मिति २०३८।१०।२२ देखि का. मु. मुकरर गरिएको छ ।

आज्ञाले–

रामचरण प्रधानाङ्ग

श्री ५ को सरकारको उप-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६५